annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १२१, पृष्ठ ८ | काठमाडौं, शनिबार १३ भदौ २०८३ | भाद्र कृष्णपक्ष प्रतिपदा नेपाल संवत् ११४६ | SATURDAY, AUGUST 29, 2026 | मूल्य : रु. १०

घाइतेको हारगुहार, ढिलो भयो उद्धार

रसुवा बाढीमा फसेका हजारौं नागरिक र उनीहरूका आफन्तले अविलम्ब 'उद्धार' गरिदिन केन्द्र सरकारसँग याचना गरिरहेका छन्। आफन्तहरू हाइड्रोपावरका सुरुङमा थुनिएको, निजी घर र कार्यालयमा फसेको कुरा बताइरहेका छन्। तर, विडम्बना नै भन्नुपर्छ, बाढी गएको तीन दिन बित्दा पनि केन्द्र सरकार बाढीको इपिसेन्टरमा पुग्न सकेको छैन।

गोपीकृष्ण ढुंगाना/ शिवप्रसाद ढुंगाना | *काठमाडौं*

समाचार पृष्ठ १

महाविपत्तिमा सहयोगको हात बढाऔं: प्रधानमन्त्री उद्धार कोषमा योगदान गरौं

विपत्मा नेपाललाई अन्तर्राष्ट्रिय समुदायको साथ

राधा खनाल | *काठमाडौं*

भोटेकोशी र रसुवालगायतका क्षेत्रमा आएको विनाशकारी बाढीका कारण सिर्जित गम्भीर संकटमा छिमेकी मुलुकहरूले नेपाललाई बलियो साथ दिएका छन्। विपद्को अग्रपंक्तिमा उभिँदै छिमेकी भारतले तीन चरणमा करिब ६० मेट्रिकटन राहत सामग्री पठाउनुका साथै पूर्वाधार पुनर्स्थापना, स्वास्थ्य टोली र टनेल रेस्क्यु टिम पठाउने तत्परता देखाएको छ भने अर्को छिमेकी चीनसहित अन्य क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मित्रराष्ट्रहरूले समेत उद्धार, राहत र पुनर्निर्माणमा ऐक्यबद्धता जनाउँदै ठूलो सहयोगको घोषणा गरेका छन्।

भारतले पठाइसकेको तीन चरणको ६० मेट्रिकटन राहत सामग्रीमा अस्थायी आश्रयका सामग्री, कम्बल, सरसफाइ सामग्री, बत्ती र औषधि रहेका छन्। बाढीबाट ठूलो संख्यामा मानिसको मृत्यु तथा बेपत्ता भएको अवस्थामा भारतले राहतका अतिरिक्त खोज तथा उद्धारमा सहयोगको प्रस्ताव पनि गरेको थियो। नेपालले भने हाल आफ्नै सुरक्षा निकायले खोज तथा उद्धार सञ्चालन गरिरहेको भन्दै विदेशी उद्धार टोली परिचालनको आवश्यकता नरहेको जनाएको छ।

नेपालका लागि अमेरिकी कार्यवाहक राजदूत स्कट अर्बोम बाढीपीडित क्षेत्रमा पहिलो चरणको राहत सामग्री पठाउँदै।

भारतबाट 'टनेल रेस्क्यु टिम' र स्वास्थ्यकर्मी आउने तयारी

भारतले विशेष 'टनेल रेस्क्यु टिम' नेपाल पठाउने तयारी गरेको जनाएको छ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले नियमित पत्रकार सम्मेलनमा नेपाललाई आवश्यक परेको सहयोग उपलब्ध गराउन भारत तयार रहेको बताएका हुन्।

- भारतले पठायो ६० मेट्रिकटन राहत
- विशेष उद्धार टोली पठाउन भारतको प्रस्ताव
- चीन, बेलायत, श्रीलंका, बंगलादेशबाट सहयोग घोषणा
- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा सहयोग घोषणा
- रुसी राष्ट्रपति पुटिनद्वारा दुःख व्यक्त

विपद्को खबर आउनासाथ भारतले मानवीय सहायता परिचालन गरेको छ। साउन १० गते १० टन राहत सामग्री पठाइएको थियो भने बिहीबार ३७.५ टन सामग्री पठाइएको छ।

» बाँकी पृष्ठ ६

रवीन्द्र ढाँट रोड टु यूएफसीको फाइनलमा

नेपालका मिक्स्ड मार्सल आर्ट्स (एमएमए) फाइटर रवीन्द्र ढाँट रोड टु यूएफसी सिजन ५ को फाइनलमा प्रवेश गरेका छन्। शुक्रबारको खेल जितेपछि उनले नेपालमा आएको विपद्को अवस्थाबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएका थिए।

» विस्तृत पृष्ठ ८ मा

भित्री पृष्ठ

संयोग, संकेत कि सनातन रहस्य ?

- पृष्ठ ३

हिउँको बर्कोभित्र बलेको आत्मीयता

- पृष्ठ ४

मृत्युको महाप्रस्थानमा जीवनको उत्सव

- पृष्ठ ५

फोटो बोकेर काठमाडौंका अस्पताल भौंतारिँदै आफन्तहरू

निमा योञ्जन | *काठमाडौं*

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको प्रांगणमा एउटा हातमा श्रीमान् सरोजकुमार थापा मगरको तस्बिर र अर्को हातमा आँसु पुछ्ने रुमाल बोकेर टोलाइरहेकी थिइन्– मकवानपुर हेटौंडाकी अनिता थापा मगर। उनी मात्र होइन, तिब्बतबाट ल्हेन्दे खोला हुँदै भोटेकोशी नदीमा आएको प्रलयकारी बाढीले रसुवा नाका आसपासबाट तानेर लगेका आफन्तको जिउँदो शरीर वा कम्तीमा एउटा शव भए पनि भेटिने आसमा दर्जनौं परिवार अस्पतालका चक्र काटिरहेका छन्।

भदौ १० गतेको बाढीले रसुवा, नुवाकोट र धादिङलगायत तटीय क्षेत्रमा ठूलो जनधनको क्षति पुऱ्याएको छ। सयौं मानिस अझै सम्पर्कविहीन छन्। अस्पतालको भित्ताभरि टाँसिएका बेपत्ताका तस्बिर र परिसरमा राखिएको 'सहायक डेस्क' अगाडि आफन्तको नाम दर्ता गराउनेको हरपल भिड छ।

जब-जब अस्पतालको गेटबाट हर्न बजाउँदै एम्बुलेन्स प्रवेश गर्छ, तब-तब त्यहाँ खटिएका पीडित परिवार आफ्नै मान्छे पो ल्याइयो कि भनेर आसै-आसमा एम्बुलेन्सतिर दौडिन्छन्।

अनिताका अनुसार ९ गते बेलुका लगभग १० बजेसम्म श्रीमान् सरोजसँग टेलिफोनमा कुराकानी भएको थियो। 'गाडी केरुङ नाकाभित्र छिरिसकेको छ, म बाहिर होटेलमा छु,' सरोजले अन्तिम पटक भनेका शब्दहरू उनी सम्झिन्छिन्। तर भोलिपल्ट बिहानै बाढी आएपछि नाका अस्तव्यस्त भयो र सरोजको सम्पर्क एकाएक विच्छेद भयो। 'मान्छे त अब फर्केर आउनुहुन्छ कि भन्ने आसैआसमा बसेकी छु,' रुँदै उनले भनिन्, 'सम्बन्धित निकाय वा जसले सुन्नुहुन्छ, सक्दो चाँडो खोजी गरेर एक कल फोन मिलाईदिनुहोला।'

सरोजलाई खोज्न उनका भिनाजु श्याम थापा पनि शिक्षण अस्पताल आइपुगेका छन्। 'लोकेसन ट्र्याक गरेर हेर्दाखेरि मितेरी पुलकै छेउमा देखाउँछ, त्यसपछि भने सम्पर्क छैन,' श्यामले भने, 'नेपाल सरकारले जतिसक्दो छिटो उद्धार र खोजी कार्य गरिदेओस् भन्ने अपिल गर्दछु।' सरोज ना ४ ख ४५५३ नम्बरको गाडी लिएर रसुवा पुगेका थिए।

सिन्धुपाल्चोक तातोपानीकी निङडोमा तामाङका ससुरा शुकवीर तामाङ रसुवाको घट्टेखोलामा ट्रेकिङको काम गर्थे भने देवर नाका छेउमा गाडी चलाउँथे। बाढी आएको दिनदेखि दुवै जना बेपत्ता छन्। 'जिउँदै नभए पनि शव भए पनि पाइएला कि भनेर बिहानैदेखि एयरपोर्ट, वीर अस्पताल, ट्रमा सेन्टर, शिक्षण अस्पताल, सिभिल र केएमसीसम्म पुगेर आएँ,' निङडोमाले भावुक हुँदै भनिन्, 'कहीँ केही अत्तोपत्तो छैन। अहिले टिचिङमा चार जनाको शव ल्याउँदै छ भन्ने सुनेर हाम्रै मान्छे पो हो कि भनेर कुरेर बसिरहेकी छु।'

रसुवा कालिका-२ प्राङसेका सञ्चराम थोक्रा आफ्ना माहिला दाइ सिंगी थोक्रा, भाइ रोहित थोक्रा र बेत्रावतीका भिनाजु विजय दोङगोललाई खोज्न अस्पतालका कुनाकाप्चा चहारिरहेका छन्।

पालुङटारबाट मात्रै ३० बेपत्ता

शिव उप्रेती | *गोरखा*

पालुङटार–५ ठाँटीपोखरीका दिलबहादुर खत्रीको घरआँगनमा तीन दिन भयो दिनभरि पनि झलल्ल बिजुली बत्ती बलिरहन्छ। गत बुधबारदेखि बलेको यो बत्ती कुनै हर्ष बढाइँले होइन, निभाइदिने मान्छे नभएर हो।

गोसाइँकुण्ड तीर्थ गर्न भनी गत बुधबार बिहान ४ बजे निस्केका दिलबहादुर र उनकी पत्नी मुरारी भोटेकोशीको बाढीमा परेर बेपत्ता भएपछि न उनको घरको ढोका खोलिदिने कोही छ, न घरभरि बलेको बत्ती निभाइदिने। 'बत्ती बालेर जानु भार'छ, मार्ने मान्छे नि कोही छैन', छिमेकी बलराम रानाभाट भन्छन्, 'गोसाइँकुण्ड जानुछ भनेर मेरो पसलबाट अघिल्लो साँझ खाजा प्याक गरेर लानुभा'थ्यो। भोलिपल्ट बिहान ११ बजेतिर उहाँहरू चढेको बस भोटेकोशीको बाढीले लग्यो रे भन्ने खबर पो सुनियो।' खत्री दम्पतीका जम्मा दुई सन्तानमध्ये जेठीछोरी बेलायत र कान्छी अमेरिकामा छन्। घर रुँगेर बस्ने उनीहरू पनि भोटेकोशीको बाढीमा परेपछि सुकाएर गएको मकै आजसम्म पनि आँगनको आँगनै असरल्लै छ। 'पहिले-पहिले घरबाट कतै निस्किने बेलामा लौ है हाम्रो घर रेखदेख गरिदेऊ भन्नुहुन्थ्यो। अहिले त केही नभनी जानुभयो', अर्की छिमेकी भवानी थापा भन्छिन्, 'गाउँभरिका मान्छे भोटेकोशीमा परेका छन्। दिनभरि रुवाबासी हुन्छ। रातभरि मन छटपटिन्छ, भक्कानिन्छ। कतै वनबुटामा अल्झिएर बाँच्नुभा'छ रे भन्ने खबर आए नि हुन्थ्यो।'

- न ढोका खोल्दिने कोही छन्, न बत्ती निभाइदिने
- आफन्त भन्छन्, अब त लास पाउँदा पनि खुसी हुने अवस्था आइसक्यो
- बचेका यात्रु भन्छन् : एक सेकेन्डले ज्यान बच्यो

» बाँकी पृष्ठ ६